REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs     Date: 19.05.2026

भारत, युएईबीच ऐतिहासिक सम्झौतामा हस्ताक्षर भएकोमा सिक्किमका मुख्यमन्त्रीले प्रधानमन्त्रीलाई बधाई दिनुभयो

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले भारत र संयुक्त अरब एमीरेट्सबीच श्रृंखलाबद्ध ऐतिहासिक सम्झौताहरूमा सफल हस्ताक्षर भएकोमा प्रधानमन्त्री नरेन्द्र मोदी र उहाँका समकक्षी मोहम्मद बिन जायद अल नाह्यानलाई बधाई दिनुभएको छ।

श्री तामाङले रणनीतिक पेट्रोलियम भण्डार, दीर्घकालीन एलपीजी आपूर्ति, रक्षा सहयोग, प्रविधि साझेदारी र लगानी प्रतिबद्धताहरूलाई समेट्ने प्रमुख सम्झौताहरूले दुई राष्ट्रहरूबीचको रणनीतिक साझेदारीलाई सुदृढ पार्न महत्वपूर्ण कोसेढुङ्गा रहेको बताउनुभयो। उहाँले थप भन्नुभयो, भारतको रणनीतिक पेट्रोलियम भण्डारमा 3 करोड ब्यारेल इन्धन भण्डारण गर्ने UAE को निर्णय देशको दीर्घकालीन ऊर्जा सुरक्षा र तयारी सुनिश्चित गर्ने दिशामा एक ऐतिहासिक कदम हो।

सिक्किमका राज्यपालले हिजो लोक भवनमा उत्तराखण्डका पूर्व मुख्यमन्त्रीसँग भेट गर्नुभयो

उत्तराखण्डका पूर्व मुख्यमन्त्री हरिद्वारका सांसद त्रिवेन्द्र सिंह रावतले हिजो लोक भवनमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो ।यस भेटघाटमा सिक्किमसँग

सम्बन्धित विभिन्न विषयहरू, जस्तै राज्यको सामाजिक-आर्थिक विकास, वातावरण संरक्षण र पर्यटन प्रवर्धन बारे छलफल गरियो।

गेजिङले विशेष गहन संशोधन (SIR) 2026 बारे तत्काल बैठक आयोजना गर्यो

जिल्ला निर्वाचन अधिकारी तथा जिल्लापाल गेजिङ, -तेन्जिङ डी डेन्जोङ्पाले आज जिल्ला प्रशासनिक केन्द्र, राब्देन्त्से स्थित आफ्नो कक्षमा दर्ता भएका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग मतदाता नामावलीको विशेष गहन संशोधन (SIR) सम्बन्धी एक तत्काल बैठक बोलाउनुभयो। बुथ स्तरीय अधिकारी (BLOS ले मतदाताहरूलाई गणना form EF हरू वितरण गर्नेछन्, जुन voters.eci.gov.in मा रहेको मतदाता सेवा पोर्टल मार्फत गणना प्रक्रिया स्पष्ट पार्दै अनलाइन पनि भर्न सकिन्छ। श्री डेन्जोङ्पाले गणना चरणको अवधिमा कुनै पनि कागजात सङ्कलन गरिने छैन भन्नुभयो। घरहरूमा ताला लागेको खण्डमा, EF स्लिपहरू परिसरमा छोडिनेछन् र BLOहरुले पूरा गरिएका formहरू सङ्कलन गर्न तीन पटक भ्रमण गर्नेछन् ।

प्रधानमन्त्री सूर्य घर मुक्त बिजली योजना -डीसी पाकिम

पाकिमकी जिल्लापाल तथा प्रधानमन्त्री सूर्य घरः मुफ्त बिजली योजनाको लागि जिल्ला स्तरीय समितिकी अध्यक्ष / परी बिश्नोईले पाकिमको RURBAN कम्प्लेक्समा पाकिमकी वरिष्ठ पुलिस अधीक्षक पारु रुचालको उपस्थितिमा एक जागरूकता कार्यक्रमको अध्यक्षता गर्नुभयो ।

सिक्किम सरकारको विद्युत विभाग अन्तर्गत सिक्किम नवीकरणीय ऊर्जा विकास एजेन्सी (SREDA) ले कार्यक्रमको आयोजना गर्यो।

जिल्लापाल बिश्नोईले प्रधानमन्त्री सूर्य घरः मुफ्त बिजली योजनाको महत्त्वमाथि प्रकाश पार्दै सफा र हरित भविष्यको लागि नवीकरणीय ऊर्जा स्रोतहरूलाई प्रवर्धन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सिक्किममा इन्धन वितरण

सार्वजनिक क्षेत्रका तेल तेल बजार कम्पनीहरू इन्डियन आयल, बीपीसीएल र एचपीसीएल - ले तेल र ग्यास क्षेत्रलाई असर गर्ने विश्वव्यापी अनिश्चितताहरूको भएतापनि सिक्किमभरि पेट्रोल, डिजेल र तरल पेट्रोलियम ग्यास (एलपीजी) को निर्बाध आपूर्ति कायम राखेका छन्। टर्मिनल, डिपो, एलपीजी बोलल प्लान्ट र खुद्रा आउटलेटहरू सहितको यसको व्यापक आपूर्ति नेटवर्क मार्फत इन्धनको निर्बाध उपलब्धता सुनिश्चित गर्न तेल उद्योग पूर्ण रूपमा तयार छ। bottling सबै आउटलेटहरूमा इन्धन वितरण कार्यहरू सुचारु रूपमा जारी छन् र आपूर्तिहरू/निर्धारित सुरक्षा र सञ्चालन मापदण्डहरू अनुरूप कुनै पनि प्रतिबन्ध बिना कायम राखिएको छ।

डिस्कभर तिमी' राज्यपालसँग भेट प्रतिनिधिमण्डलद्वारा राज्यपालसँग भेट

राज्यपाल ओम प्रकाश माथुरसँग राजभवनमा 'डिस्कभर तिमी' का अध्यक्ष अमृत शर्माको नेतृत्वमा प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छ। भेटका क्रममा संस्थाले कृषि तथा पर्यटन क्षेत्रमा गरिरहेका कार्यबारे जानकारी गराएको थियो। यस अवसरमा बन्द अवस्थामा रहेका Home stay पुनः सञ्चालन गरी युवाका लागि दिगो स्वरोजगार सिर्जना गर्ने विषयमा छलफल भयो। साथै आगामी 13 देखि 15 जूनसम्म तीन अलग अलग निर्वाचन क्षेत्रमा आयोजना हुने 'कृषि पर्यटन उत्सव'बारे पनि जानकारी दिइयो, जसमा नेपाल र भुटानसँग कृषि तथा सांस्कृतिक आदानप्रदान समावेश रहनेछ। राज्यपालले संस्थाको प्रयासको प्रशंसा गर्नुभयो।

डीसी पाकिमले मितव्ययिताका उपायहरूमा भाग लिनुभयो

जिल्लापाल पाकिम, परी बिश्नोईले, एक आधिकारिक बैठकमा भाग लिन जिल्ला अधिकारीहरूसँग, आज जिल्ला प्रशासनिक केन्द्र पाकिमबाट RURBAN कम्प्लेक्ससम्म पैदल यात्रा गर्नुभयो ।

उहाँको यो पहलले इन्धन संरक्षण र जिम्मेवार स्रोत व्यवस्थापनलाई सुदृढ पार्न प्रोत्साहित गर्यो।